## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/१०/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु लक्ष्मण शाही, **नरेन्द्रकुमार कठरिया** र **पवनकुमार रावल** मु.नं (०७९-CR-०१५४) फैसला मिति **२०८१।०२।२२** | सरकारी कागजात समेत सच्याई परीक्षाको परिणाम फेरवदल गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• प्रतिवादी लक्ष्मण शाहीले सवारी चालक अनुमतिपत्रको लागि लिइएका लिखित परीक्षामा लक्ष्मणप्रसाद कठरिया समेत १८० जना र प्रयोगात्मक परीक्षामा प्रमिला भट्ट समेत २८३ जना परीक्षार्थीहरूको परीक्षाको परिणाम फेरबदल गरी/गर्न लगाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेको तथा लिखित परीक्षामा आरोपपत्रको तालिका नं. ५ मा उल्लेख भए बमोजिमका लक्ष्मणप्रसाद कठरिया सहितका १३ जनाको उत्तरपुस्तिकाहरूको नतिजा/प्राप्तांक र तालिका नं. ११ मा उल्लेख भए बमोजिमका कमल चौधरी समेत २३ जनाको नतिजा/प्राप्तांक सच्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुरमा प्रतिवादी लक्ष्मण शाह भन्ने लक्ष्मण शाहीलाई सोही ऐनको दफा ११ र दफा १३ बमोजिम सजायको मागदाबी लिई आरोपपत्र दायर गरिएको तथा प्रतिवादीहरू नरेन्द्रकुमार कठरिया र पवनकुमार रावललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुरमा सोही ऐनको दफा १३ बमोजिम सजायको मागदाबी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादी मध्येका लक्ष्मण शाही (यातायात व्यवस्था कार्यालय, कैलालीका तत्कालीन निमित्त कार्यालय प्रमुख हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलालीका शाखा अधिकृत (सातौं)को हकमा आरोपदावी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम १ (एक) वर्ष ६ (छ) महिना कैद र रु.४०,०००/- (चालिस हजार रूपैयाँ) जरिबाना र सोही ऐनको दफा १३ बमोजिम १० (दश) महिना कैद र रु.८,०००/- (आठ हजार रुपैयाँ) जरिबाना हुने ठहर गरी फैसला भएको देखिंदा निज प्रतिवादी लक्ष्मण शाहीको हकमा कुनै पुनरावेदनको जिकिर लिइएको छैन।<br>• प्रतिवादीहरू पवन कुमार रावल र नरेन्द्र कुमार कठरियाको हकमा निज प्रतिवादीहरू कम्प्यूटर अपरेटरको रुपमा सो कार्यालयमा कार्यरत रहेको | **फैसलाः**<br>प्रतिवादीहरुलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरु नरेन्द्र कुमार कठरिया र पवन कुमार रावल उक्त कार्यालयको कम्प्युटर अपरेटरको पदमा बहाल रहेको भएतापनि निजहरु परिक्षा समितीको सदस्य पनि नहुने, लिखित तथा प्रयोगात्मक परीक्षाको उत्तरपुस्तिका मूल्याङ्कन प्रतिवेदनमा पहुँच भएको व्यक्तिहरु पनि नभएको।<br>• निज प्रतिवादीद्धय नरेन्द्र कुमार कठरिया र पवन कुमार रावलले अनुसन्धानको क्रममा अ.दु.अ. आयोगमा बयान गर्दा, आ/आफ्नो User ID बाट लिखित परिक्षाको नतिजा विद्युतीय प्रणाली (System) मा प्रविष्ट गर्दा मानवीय त्रुटीको कारण उत्तरपुस्तिकामा उल्लेखितको रिजल्ट भन्दा फरक प्रविष्ट हुन गएको हो भन्ने समेत ब्यहोरा उल्लेख गरेको देखिएको।<br>• निजहरुले उत्तर पुस्तिका चेकजाँच गर्ने, उत्तर पुस्तिकामा भिन्न भिन्न मसिको प्रयोग गर्ने, ओभरराइटिङ र करेक्सन गर्ने सम्भावना समेत रहेको नदेखिनुको सथै निजहरुले लिखित परिक्षाको नतिजा हेरफेर गर्न सक्ने देखिएन।<br>• निजहरुको आधिकारीक User ID बाट सिधै परिक्षा परिणाममा फेरबदल गर्ने अधिकार नरहेको, कम्प्युटर अपरेटरले व्यक्तिको नाम प्रविष्ट गरेको भए तापनि अन्तिम रुजु गर्ने कार्यमा कार्यालय प्रमुख कै जिम्मेवारी हुने देखिएको। | • प्रतिवादीहरु नरेन्द्र कुमार कठरिया र पवन कुमार रावल यातायात व्यवस्था कार्यालय धनगढी, कैलालीमा कम्प्युटर अपरेटरको पदमा कार्यरत रहेको तथ्यमा विवाद देखिदैन। उक्त कार्यालयबाट विभिन्न मितिमा लिइएका लिखित परीक्षा तर्फ जम्मा १७,१८६ जना परीक्षार्थीहरू सहभागी भई जम्मा १३,८२३ जना परीक्षार्थीहरू उतिर्ण भएकोले निजहरु नाम तथा एप्लिकेन्ट आइडी भिडाई उत्तरपुस्तिकाहरूमा परीक्षकले प्रदान गरेको अंक, उत्तरहरूमा "ठीक" वा "बेठीक" चिन्हरू जनाइएका आधारमा अंक गणना गरि परीक्षकले "Pass" वा "Fail" भनी लेखेको जनावट (remarks) को आधारमा र विधि विज्ञान प्रयोगशाला, धनगढीको प्रतिवेदनमा उल्लेखित रि-राईटिङ, ओभर राईटिङ, करेक्सन भएको तथा लेखाईमा अस्वभाविकता पाइएको भन्ने समेत ब्यहोराको विवरण समेतको आधारमा लिखित परीक्षाको नतिजा विश्लेषण गर्दा निज प्रशिक्षार्थीहरू मध्ये उक्त परीक्षाहरूमा अनुत्तीर्ण भएका वर्ग A मा ११२ जना, वर्ग K मा १३ जना, वर्ग B मा १०५ जना, वर्ग C/C1 मा १४ जना, र वर्ग J1 मा १ जना गरी जम्मा २४५ जना परीक्षार्थीहरूको परीक्षाको परिणाम फेरवदल गरी उत्तीर्ण जनाई लिखित परीक्षाको नतिजा प्रतिवेदन तयार गरेको तथ्य मिशिल संलग्न उत्तरपुस्तिका एवं सोको प्रयोगशाला परिक्षण प्रतिवेदन समेतवाट पुष्टि भएको देखिन्छ। त्यसरी गलत तरिकावाट उत्तीर्ण गराइएका २४५ जना परीक्षार्थीहरू मध्ये १३ जनाको उत्तरपुस्तिकाहरूको प्राप्तांक/नतिजामा रि-राइट, ओभर-राइट समेत गरी सच्याएर उत्तीर्ण बनाएको, ३८ जनाका उत्तरपुस्तिकाहरूमा तोकिएको उत्तीर्णांक भन्दा कम अंक प्राप्त भएकोमा उत्तीर्ण गराएको र बाँकी १९४ का उत्तरपुस्तिकाहरूमा परीक्षकले अनुत्तीर्ण लेखेकोमा सीधै उत्तीर्ण गराएको तथ्य पुष्टी भई रहेकोले उक्त लिखित परीक्षाको परिणाम फेरबदल गरी नतिजा प्रतिवेदन तयार गर्ने कार्यमा प्रतिवादी मध्येका लक्ष्मण शाहीको युजर आइडी (4133-aoff_Lshah_seti) बाट १८० जनाको, प्रतिवादी पवनकुमार रावलको युजर आइडी (deoff_rpawan_seti) बाट ४ जना र प्रतिवादी नरेन्द्रकुमार कठरियाको युजर आइडी (deoff_nkathariya_seti) बाट ६१ जनाको नतिजा NEDLVRS प्रणालीमा प्रविष्ट (अपलोड) भएको देखिन्छ भने त्यसरी लिखित परीक्षाको नतिजा प्रतिवेदन तयार गर्दा प्रतिवादी लक्ष्मण शाहीको युजर आइडीबाट प्रविष्ट भएका १८० जना मध्ये ९५ जना, प्रतिवादी नरेन्द्रकुमार कुठरियाको युजर आइडीबाट प्रविष्ट गरेका ६१ जना मध्ये ४५ जना र प्रतिवादी पवनकुमार रावलको युजर आइडीबाट प्रविष्ट गरेका ४ जना मध्ये २ जना गरी १४२ जनाले सवारी चालक अनुमतिपत्र समेत जारी भई सकेको तथ्य मिशिल संलग्न उक्त सवारी अनुमति पत्र जारी गर्दाको सक्कल मिशिलवाट पुष्टी हुदाँ हुदै सो प्रमाणको विश्लेषण नगरि कसूर ठहर भएका प्रतिवादी लक्ष्मण शाहीसँग समान स्तरका यि प्रतिवादी पवनकुमार रावल र नरेन्द्रकुमार कुठरियालाई आरोप दावीवाट सफाई दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• उक्त परिक्षाको प्रयोगात्मक परीक्षा प्रणाली तर्फ हेर्दा आरोपपत्रको तालिका नं. ७,९ र १० मा उल्लेख गरिए बमोजिमको विवरण तुलनात्मक अध्ययन गर्दा हाजिरी विवरण अनुसार परीक्षाहरूमा १९,५११ जना उपस्थित र ५,४५६ जना अनुपस्थित गरी जम्मा २४,९६७ परीक्षार्थीहरू रहेको देखिन्छ भने प्रयोगात्मक परीक्षाको फिल्ड प्रतिवेदन अनुसार १९,५३६ जना उपस्थित र ५,३९३ जना अनुपस्थित गरी जम्मा २४,९२९ जना रहेको देखिन्छ। त्यसै गरि प्रयोगात्मक परीक्षाको अन्तिम नतिजा प्रतिवेदन अनुसार २६,५०३ जना उपस्थित र २४ जना अनुपस्थित गरी जम्मा २६,५२७ जना परीक्षार्थीहरू रहेको देखिन्छ। प्रयोगात्मक परीक्षाको फिल्ड प्रतिवेदन अनुसार जम्मा १२,२०५ जना परीक्षार्थीहरू उत्तीर्ण भएकोमा अन्तिम नतिजा प्रतिवेदन अनुसार उतिर्ण परिक्षार्थी भन्दा वढी जम्मा १३,२७४ जना परीक्षार्थीहरू उत्तीर्ण भएको विवरण तयार गरेको देखिदा यि प्रतिवादीहरुले वदनियतपुर्ण तरिकाले परिक्षामा अनुतिर्ण परिक्षार्थलाई उतिर्ण गराएको तथ्य स्पष्टै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | देखिएको र निजहरूले परीक्षा समितिले दिएको उत्तर पुस्तिका अनुसारको नतिजा प्रविष्ट गर्ने सम्मको कार्य गरेको देखिन आएकोले निजहरू उपरको आरोपदाबी पुग्न नसक्ने हुँदा निज प्रतिवादीहरु पवन कुमार रावल र नरेन्द्र कुमार कठरियाले आरोप दाबीबाट सफाई पाउने ठहर गरी फैसला भएको अबस्था छ। | | देख्न सकिन्छ। प्रयोगात्मक परीक्षाको हाजिरी विवरण, फिल्ड प्रतिवेदन र अन्तिम नतिजा प्रतिवेदनको तुलनात्मक अध्ययन र विश्लेषणबाट वर्ग A मा १२१ जना, वर्ग B मा ८३ जना, वर्ग C/C1 मा १० जना, वर्ग E मा २२ जना, वर्ग F मा १ जना, वर्ग G मा १५ जना, वर्ग J1/J2 मा ३ जना र वर्ग K मा २८ जना गरी जम्मा २८३ जना अनुत्तीर्ण/अनुपस्थित परीक्षार्थीहरूको परीक्षाको परिणाम फेरबदल गरी उत्तीर्ण जनाई प्रयोगात्मक परीक्षाको अन्तिम नतिजा प्रतिवेदन तयार गरेको तथ्य पुष्टि भएको देखिन्छ। उक्त प्रयोगात्मक परिक्षामा उपस्थित नै नभएका ३९ जना व्यक्तिहरूलाई उत्तीर्ण गराएको, २३ जना परीक्षार्थीहरूको फिल्ड प्रतिवेदनको नतिजा/प्राप्तांक जनाइएको स्थानमा रि-राइट वा ओभर-राइट समेत गरी सच्याएर उत्तीर्ण बनाएको र २२१ जना परीक्षार्थीहरूलाई फिल्ड प्रतिवेदनमा अनुत्तीर्ण जनाइएकोमा सीधै उत्तीर्ण जनाई नतिजा तयार गरेको तथ्य स्थापित भई रहेको देखिन्छ। उक्त परिक्षामा अनुतिर्ण तथा अनुपस्थित परिक्षार्थीहरुबाट उतिर्ण गराईएका मध्ये यि प्रतिवादी नरेन्द्रकुमार कठरियाको युजर आइडीबाट १६४ जना, प्रतिवादी पवन कुमार रावलको युजर आइडीबाट ६८ जनाको उतिर्ण नतिजा स्वीकृत (Approve) भएको सोही अनुसार सवारी चालक अनुमतिपत्र जारी भई यि प्रतिवादीहरु विरुद्धको आरोपित कसूर स्थापित भैरहेको देखिदा देखिदै उक्त कार्यमा संलग्न सहायक कम्प्युटर अपरेटर (करार) प्रतिवादी नरेन्द्रकुमार कठरिया तथा सहायक कम्प्युटर अपरेटर प्रतिवादी पवनकुमार रावललाई सो प्रमाणको मुल्यांकन विश्लेषण नगरि आरोप दावीबाट सफाई हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले बदर भागी छ।<br>• उक्त वर्ग A, B, C/C१, E, F, G र K का सवारी चालक अनुमतिपत्रको लागि लिइएका प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण/अनुपस्थित भएका २८३ जनाको परीक्षाको परिणाम फेरबदल गरि गलत तरिकाले सवारी चालक अनुमतिपत्र जारी गर्ने कार्यमा मिलेमतो गरि प्रतिवादी मध्येका कार्यालय प्रमुख लक्ष्मण शाहीबाट नतिजा System मा प्रविष्ट गरेपछि यि प्रतिवादीहरु नरेन्द्रकुमार कठरियाको युजर आईडि (deoff_nkathariya_seti) बाट र पवन कुमार रावलको युजर आईडी (deoff_rpawan_seti) बाट प्रविष्ट भएको विवरण अनुसारका व्यक्तिहरुलाई सवारी चालक अनुमतीपत्रको लागि स्वीकृत (Approve) गरेको तथ्य मिशिल संलग्न डिजिटल प्रमाण (Digital Evidence) बाट पुष्टि भएको अवस्थामा उक्त प्रमाणको वेवास्ता गरी प्रतिवादीहरु नरेन्द्रकुमार कठरिया तथा पवनकुमार रावललाई सफाई हुने गरी भएको फैसला त्रुटीपूर्ण रहि बदर भागी छ।<br>• प्रतिवादीहरु पवन कुमार रावल र नरेन्द्र कुमार कठरियाले अनुसन्धानको क्रममा र अदालतमा समेत बयानको क्रममा हामीले कम्प्युटर सिस्टम राम्रोसंग चलाउन नजान्ने भएकोले भुलवस फेल भएका परिक्षार्थीहरुलाई पास भएको भन्ने विवरण प्रविष्ट हुन गएको हो भन्ने समेत ब्यहोरा उल्लेख गरेतापनि कम्प्युटर अपरेटर जस्तो प्राविधिक विषयमा नियुक्त भएका यि प्रतिवादीहरुले कार्यालय प्रमुखबाट जिम्मेवारी प्राप्त गरी लग ईनको विवरण समेत प्राप्त गरी संवेदनशिल विषयमा कार्य गर्दा आफ्नो पेशागत दक्षताको आधारमा परिक्षाको शुरु देखि कै विवरण हेरी कार्यसम्पादन गर्नुपर्नेमा सो वमोजिम नगरि बदनियतपुर्न तरिका परिक्षाको परिणाम नै फरक पाने र अनुत्तीर्ण एवं अनुपस्थित ब्यक्तिलाई कार्यालय प्रमुख समेतसँग मिलेमतो गरि उतिर्ण गरि गैरकानूनी लाभ लिई पछीबाट कसूरमा उन्मुक्ति पाउने उदेश्यले तथ्यलाई दिग्भ्रमित गर्ने नियतले मानविय भुलको संज्ञा दिइ लिएको जिकिर आफैमा त्रुटीपुर्ण रहेको देखिन्छ। यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतले झल्ला भन्ने ओशाद खाँ वि. नेपाल सरकार, ने.का.प २०७७, अंक ७, नि.नं. १०५४१ भएको मुद्दामा "कुनै अभियोग लागेको अभियुक्तले कसुर सम्बन्धी कुरामा साबिती भएको वा इन्कारी गरेको निजको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको स्थान ग्रहण गर्न सक्दैन बरु सो साबिती वा इन्कारी बयानलाई कुनै आधारभूत, तथ्यपरक, वस्तुनिष्ठ एवम् निश्चयात्मक प्रमाणबाट समर्थित गराउनुपर्ने" भनि प्रतिपादित सिद्धान्त समेतलाई आधार लिई यि प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने ठहर गरि भएको फैसला त्रुटिपूर्ण हुदाँ बदर भागी छ।<br>• अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त विपरित प्रतिवादीहरु पवन कुमार रावल र नरेन्द्र कुमार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कठरियालाई आरोप दावीबाट सफाई दिने गरी विशेष अदालत, काठमाण्डौवाट भएको उक्त फैसला निज प्रतिवादीहरुको हकमा बदर गरि निज प्रतिवादीहरुलाई आरोप मागदाबी बमोजिम सजाय गरी पाउन सादर अनुरोध गरिन्छ। |